República
Subscribe Newspaper
Monday Apr 09th



Ads by Google Nepal Society Sports News Nepal Nepal News




# पर्वतमा पहिलो इ-लाइब्रेरी सञ्चालन

MONDAY, 02 APRIL 2012 10:38 नागरिक

Like 23 Tweet 3 4

(1 vote, average 5.00 out of 5)

पर्वत, चैत २०- ग्रामीण क्षेत्रमा स्थापित एक पुस्तकालयले जिल्लामा नै पहिलोपटक इ-लाइब्रेरी (विद्युतीय पुस्तकालय) सञ्चालनमा ल्याएको छ। खानीगाउँमा सञ्चालित मोती सामुदायिक पुस्तकालयले विद्युतीय पुस्तकालय सञ्चालनमा ल्याएको हो। पाठकका लागि आवश्यक सामग्री पुरानो पद्धतिबाट सङ्ग्रह गरेर राख्दा भनेको समयमा,भनेको जस्तो र भने जति नपाइने भएकाले आधुनिक पद्धतिको विद्युतीय पुस्तकालय सञ्चालनमा ल्याइएको पुस्तकालयका अध्यक्ष भोलानाथ शर्माले बताए।




विद्युतीय पुस्तकालय सञ्चालनमा आएपछि पुस्तकालयमा पुग्ने जो कोहीले पनि कम्प्युटरमा सङ्गृहीत आवश्यक पाठ्यसामग्री पढ्न र प्रयोग गर्न सक्नेछन्। नेपाल लाइब्रेरी फाउन्डेसन क्यानडाको रु एक लाख ६० हजार र मोती सामुदायिक पुस्तकालयको रु ४० हजारको लागतमा विद्युतीय पुस्तकालय सञ्चालनमा आएको हो। विद्युतीय पुस्तकालय मोती सामुदायिक पुस्तकालयको भवनमा स्थापना गरिएको छ।

विद्युतीय पुस्तकालयका लागि नेपाल लाइब्रेरी फाउन्डेसनको सहयोगमा तीन र मोती पुस्तकालयको सहयोगमा एक गरी चार कम्प्युटर जडान गरिएको छ। जडान गरिएका कम्प्युटरमा ओपन लर्निङ एक्सचेन्जले विकास गरेको इ-लाइब्रेरी सफ्टवयर इनिस्टर गरेपछि त्यसमा सङ्गृहीत तीन हजार पुस्तक पाठकले पढ्न पाउनेछन्। पाठकका लागि आवश्यक इमेल-इन्टरनेटको सुविधासमेत विद्युतीय पुस्तकालयमा गरिएको छ।

विद्युतीय पुस्तकालयको उचित व्यवस्थापन र नियमित सञ्चालनका लागि अमृत सेवाको संयोजकत्वमा सात सदस्यीय उपसमिति समेत गठन गरिएको छ। जिल्लामा नै पहिलोपटक सञ्चालनमा ल्याइएको सो विद्युतीय पुस्तकालय नमुना पुस्तकालयका रूपमा विकास गर्ने लक्ष्य रहेको विद्युतीय पुस्तकालय संयोजक सेवाले बताए। रासस

Follow @nagarikdaily 5,883 followers
Search
Web NagarikNews.com







## प्रतिक्रियाहरू (0)

### प्रतिक्रिया लेख्नुस्

ईमेल

प्रतिक्रिया

नाम

मैले पढ़िसकेँ, म सहमत छु उपयोगका शर्तहरुबाट

प्रतिक्रिया पठाउनुस् | Preview

संकुचित | विस्तृत

NagarikNews on Facebook

Like

64,532 people like **NagarikNews**.



## भर्खरै

- हिसावकिताव माग्दै वहिर्गमित लडाकुद्वारा शक्तिखोर सिविर घेराउ
- नग्न दृश्य गायव
- स्पेनिस लिग रोचक मोडमा
- किशोरद्वारा वालिकाको वलात्कारपछि हत्या
- पशुपतिमा चार घन्टामै सवा लाख भेटी
- कमान्डर राजधानीमा, टोली शिविरमा
- सरसफाइ अभियानमा लुट
- आयोग गठनमा फेरि विवाद
- 'संविधान वनेपछि पहिले स्थानीय चुनाव'
- माओवादी समायोजनमा अधिकतम लचक हुने

## समाज

- किशोरद्वारा वालिकाको वलात्कारपछि हत्या
- पशुपतिमा चार घन्टामै सवा लाख भेटी
- भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा आजबाट सुरु

वृहत स्वास्थ्य शिविर

दोलखामा मच्छिन्द्रनाथ सुरु

क्यान्सरपीडित बालिकालाई नि:शुल्क उपचार गरिने

पशुपतिको पहिलो दिनको भेटी एक लाख १३ हजार

बन्दको विरोधमा र्‍याली निकालिने

ठिमुरे हत्याकान्डका आरपी बलामीलाई जन्मकैद

गोर्खा प्रहरीको कुटाइबाट सिंगापुरका भूपू प्रहरी अधिकारी घाइते

बस दुर्घटनामा एकजनाको मृत्यु

मुटुरोग विशेषज्ञ डा. कोइराला सम्मानित








धेरैले पढेको धेरैले पढेको- यो हप्ता

राजनीति होइन, काम?

पावर चस्मा? अब पर्दैन

खनाललाई झापड हान्ने देवीप्रसाद एमाले सभामा पक्राउ

जहाँ रोनाल्डो र मेसीजस्ता खेलाडी छन्

म कुर्सीमा रहुँला नरहुँला मैले बसालेको विकासको जग सधैं रहन्छ : प्रधानमन्त्री

मोडलिङ मोह

अपराधमा तानिँदै सशस्त्र प्रहरी

छिट्टै जन्मिन्छन्, छिट्टै जन्माउँछन्

व्यक्तिगत ऋण करोडभन्दा बढी दिन नपाइने तयारी

आइतबारसम्म कुलेखानी चलाइने







## अभिलेखालय


April, 2012
March, 2012
February, 2012


ब्लग फिड्स अर्काइभ कार्टुन सम्पर्क शुक्रबार शनिबार

Copyright © 2012 Nepal Republic Media Pvt. Ltd.. All Rights Reserved.